# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- ०७८/०७९
चलानी नं.:- ५२

मितिः- २०७८/०४/२२

श्री विद्यालय (सबै),
बेथानचोक गाउँपालिका ।

**विषय : IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको प.सं. शै.सू.व्य. २०७८/७९ मिति २०७८/०४/०७ च.नं. ०१ को IEMIS अद्यावधिक गर्ने सम्बन्धी परिपत्रको व्यहोरा अवगत गरी मिति २०७८ भाद्र १५ गतेभित्र IEMIS को सबै बोटन पूर्ण रुपमा भरी Online मा Upload गर्न र विद्यालयको आफ्नो Online Profile मा भएको सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्न अनुरोध छ। साथै IEMIS को सबै बोटन नभरी Upload गर्ने, सबै बोटन भरेर पनि Online मा Upload नगर्ने र Online Profile मा भएको विवरण Update नगर्ने विद्यालयको शिक्षक तलब सहित सम्पूर्ण निकासा रोक्का हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री वडा कार्यालय (सबै), बेथानचोक गाउँपालिका - जानकारीको लागि ।
श्री सूचना प्रविधि शाखा - गाउँपालिकाको Facebook तथा Website मा अपलोड गर्नुहुन ।

Scanned with MOBILE SCANNER

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७८/७९.　　　　　　　　　　　　मिति : २०७८।०४।०७

च.नं. :०१

**विषयः IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (सबै)**
**श्री विद्यालय (सबै)**

उपरोक्त सम्बन्धमा वि.सं. २०६१ देखि सबैका लागि शिक्षा (Education for All- EFA) को कार्यान्वयनसँगै यस केन्द्रले मुलुकभर सञ्चालित सबै प्रकार र तह (सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरुबाट प्रत्येक शैक्षिक सत्रको शुरु र अन्त्यमा क्रमशः Flash I र Flash II School Census अन्तर्गत विधुतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) को Excel based को Electronic School IEMIS द्वारा विद्यालय शिक्षासँग सम्बन्धित तथ्यांक/सूचनाहरु Web based System मा व्यवस्थापन गरी तिनको विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरु हुँदै आइरहेको व्यहोरा विदितै छ ।

IEMIS लाई समयानुकूल बनाउनका लागि समय समयमा विभिन्न परिमार्जन गरिदै आएकोमा शैक्षिक सत्र २०७८ देखि लागू हुने गरी यस प्रणालीमा केही सुधार/परिमार्जनहरु गरिएका छन् । यसमा गरिएका परिमार्जनहरुको कार्यान्वयनका लागि सहजीकरण गर्न निर्देशनात्मक भिडियो लगायतका सामग्री iemis.doe.gov.np मा उपलब्ध हुनेछन् ।

यसै सन्दर्भमा चालु शैक्षिक सत्र, २०७८ आषाढ १ देखि प्रारम्भ भएको र शैक्षिक सत्रको प्रारम्भमा IEMIS अद्यावधीकरणका लागि २०७८ भाद्र १५ गतेसम्मको समय निर्धारण गरिएको छ । सो अवधिमा विद्यालय/स्थानीय तहहरुले देहाय अनुसार IEMIS अद्यावधिक गराउने कार्य गर्नु गराउनु हुन यस केन्द्रको मिति २०७८।०४।०७ को निर्णय अनुसार अनुरोध छ ।

<u>विद्यालयहरुले गर्नुपर्ने कार्य</u>

क) सबै प्रकार र तहका विद्यालय (Montessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आ-आफ्नो विद्यालयको Excel based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने तथा नयाँ विद्यालय भए स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट Excel based IEMIS File प्राप्त गरी पूर्ण रुपले भर्ने।

ख) विद्यालयको नाम, प्रधानाध्यापकको नाम थर, प्रधानाध्यापकको मोवाइल नम्बर, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं, टोल, विद्यालयको इमेल ठेगाना (उपलब्ध नभएमा प्रधानाध्यापकको), स्थापना मिति, बालविकास केन्द्रको संख्या (विद्यालयमा आधारित र समुदायमा आधारित) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति/स्वीकृति मिति अद्यावधिक गर्ने र सबै विद्यालयहरुले आ आफ्नो विद्यालयको Excel based data को अद्यावधिक गरी सकेपछि अनिवार्य रुपमा IEMIS Web-portal मा आफ्नो विद्यालयको User Account प्रयोग गरी Upload गर्ने ।

ग) साविकको डाटावेसमा रहेको प्रधानाध्यापकको मोवाइल नम्बरसँग नमिलेमा IEMIS फाइल Web portal मा अपलोड नहुने भएकाले प्रधानाध्यापकको वास्तविक नम्बर उल्लेख गर्ने ।

घ) Excel फाइलमा भएका सबै विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने ।

ङ) हाल कार्यान्वयनमा रहेको विद्यालय तहको Excel based IEMIS भित्र Modules को रुपमा विद्यालय लेखा प्रणाली (School Accounting System) र शिक्षक तलबभत्ता व्यवस्थापन प्रणालीको विकास गरिएको छ । यी Module हरु शैक्षिक सत्र २०७८ को शुरु र आर्थिक वर्ष २०७८/७९ को पहिलो चौमासिक देखि कार्यान्वयन गरिनेछ। यसका लागि थप मार्गदर्शन र निर्देशिका

Scanned with MOBILE SCANNER

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

iemis.doe.gov.np मा उपलब्ध हुनेछ । विद्यालय लेखा प्रणालीका सम्बन्धमा प्रारम्भिक चरणको अभिमुखीकरण प्राप्त गरेका विद्यालयहरुले यसको कार्यान्वयनका लागि पूर्व तयारीका कार्यहरु गर्ने ।

च) यस प्रणालीमा कोभिड १९ र यस्तै विभिन्न महामारीका कारण भौतिक उपस्थितिमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुन नसकेको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचान र विपदका कारण भएको क्षति र सोको समाधानका लागि गर्नुपर्ने कार्यको आवश्यकता पहिचानका लागि तयार गरिएको उपप्रणाली पनि आवद्ध छ । उक्त उपप्रणालीमा भर्नुपर्ने विवरणहरु भरी Web Portal मा अपलोड गर्ने ।

छ) अनलाइनबाट विद्यालयको Report Card डाउनलोड गरेर प्रिन्ट गरी उक्त Report मा प्राप्त विवरण अभिभावकलाई जानकारी गराउने, सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने र सोको प्रतिलिपी सामाजिक प्रतिवेदनको अनुसूचिको रुपमा समावेश गरी स्थानीय तहमा पेश गर्ने ।

ज) गतबर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शैक्षिक सत्र २०७६ देखि कै विवरण अद्यावधिक गर्ने ।

<u>स्थानीय तहका लागि अनुरोध</u>

क) विद्यालयलाई अनलाइन (iemis.doe.gov.np) बाट डाउनलोड गरी Excel को नयाँ Template उपलब्ध गराउने वा विद्यालयको साविकको Excel फाइललाई Convertor मार्फत परिवर्तन गरिदिने वा विद्यालयलाई सहजीकरण गर्नु हुन ।

ख) परिमार्जित IEMIS Version मा विद्यालयले अद्यावधिक गरी अनलाइनमा अपलोड गरेको Excel based file स्थानीय तहको User मा Pending देखिने प्रावधान रहेको छ । उक्त फाइलमा विद्यालय अद्यावधिक गरेका विवरण पुरा भए नभएको/ सही भए नभएको परीक्षण गरी विद्यालयलाई पुनः अद्यावधिक गर्न लगाउनु पर्ने भए सो समेत गराइ अनलाइन प्रणालीमा Submit गर्ने व्यवस्था गर्नु गराउनु हुन ।

ग। विद्यालयबाट भरिएको विवरणमा भौतिक अवस्था सम्बन्धी विवरण (भवन,कक्षाकोठा, शौचालय) पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, खानेपानीको व्यवस्था लगायतका विवरण सही रुपले भरेको/अद्यावधिक गरे नगरेको बारेमा विशेष ध्यान दिनु हुन ।

घ) शैक्षिक सत्र २०७८ देखि विद्यालय शिक्षक तलब प्रणाली पनि यस प्रणालीमा आवद्ध गरिएकाले शिक्षक सम्बन्धी विवरण (स्वीकृत दरबन्दी, राहत अनुदान, स्थायी/अस्थायी, स्थानीय तह/प्रदेशबाट अनुदान प्राप्त गर्ने, शिक्षण सहयोग अनुदान प्राप्त गर्ने र निजीस्रोत आदि खुल्ने गरी) लाई पूर्ण रुपमा अद्यावधिक गर्न लगाउनु हुन।

ङ) सिकाइ सहजीकरणको अवस्था र विपदबाट भएको क्षतिको विवरण अद्यावधिक गर्न विद्यालयहरुलाई सूचित गर्नु हुन ।

च) यस प्रणालीमा महत्वपूर्ण सूचनाहरु समावेश हुदै गएकाले यसमा रहेका सूचनाहरुको सुरक्षा तर्फ पनि ध्यान दिनु पर्ने अवस्था रहेको छ । तसर्थ प्रत्येक स्थानीय तहले यसको प्रयोगकर्ताको रुपमा एकजना कर्मचारीलाई आधिकारिक रुपमा जिम्मेवारी दिने र यसका लागि अफिसियल इमेल प्रयोग नभएको भए अफिसियल इमेल खोली सो इमेल र आधिकारिक प्रयोगकर्ताको विवरण यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा उपलब्ध गराउनु हुन।

छ) नयाँ विद्यालय स्थापना भएको भए सोको Excel based file तयार गर्नका लागि यस केन्द्रमा जानकारी दिने र केन्द्रबाट उपलब्ध फाइल विद्यालयलाई उपलब्ध गराइ विवरण भर्न लगाउनु हुन।

ज) यस शैक्षिक सत्रमा बन्द वा समायोजन भएका विद्यालयको विवरण स्थानीय तहको User Account बाट अद्यावधिक गर्नु हुनका साथै समायोजन/बन्द भएका विद्यालयहरुको सो सम्बन्धमा भएको निर्णयको विवरण समेत उल्लेख गरिदिनु हुन ।

बोधार्थ

श्री सामाजिक विकास मन्त्रालय

(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।

रामचन्द्र शर्मा

निर्देशक

Scanned with MOBILE SCANNER